नौकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सरमथली, रसुवा

बागमती प्रदेश नेपाल


प.सं. २०८२/०८३

सूचना.नं. ०९

## सेवा करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०५/२०)**

प्रस्तुत विषयमा यस नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय, सरमथली, रसुवाको मिति २०८२/०५/२० गतेको निर्णयानुसार यस गाउँपालिका अन्तर्गत स्वास्थ्य शाखाको लागि तपसिलका रिक्त पदमा खुला प्रतियोगितात्मक परीक्षाबाट सेवा करारमा कर्मचारी पदपूर्ती गर्नुपर्ने भएकोले देहायको योग्यता भएका तथा इच्छुक नेपाली नागरिकहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालयमा राजश्व तिरेको रसिद सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| विज्ञापन नं. | पदको नाम | पद संख्या | योग्यता | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| ०३-२०८२/०८३ | अ.न.मी. (सहायकस्तर चौथो) | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ANM कोर्ष उत्तीर्ण गरेको | नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गत | |
| ०४-२०८२/०८३ | पोषण सहजकर्ता (सहायकस्तर चौंथो) | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भएको | नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गत | |

<u>योग्यता तथा अन्य आवश्यकता:-</u>

१. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु:**
   - (क) नेपाली नागरिकताको प्रतिलिपि,
   - (ख) शैक्षिक योग्ताको प्रमाणपत्रको प्रतिलिपि र २ प्रति पासपोर्ट साइजको फोटो,
   - (ग) आवश्यक तालिम तथा अनुभवको प्रमाणित प्रतिलिपि (ANM को हकमा SBA तालिम प्राप्त उम्मेदवारलाई विशेष प्राथमिकता।

२. **उमेर हद:** १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्ने

३. **दरखास्त दिने स्थान:** गाउँ कार्यपालिकाको कार्यालय, सरमथली, रसुवा ।

४. **दरखास्त दस्तुर:** दुवै पदको हकमा रु. ३००/- (तीन सय रुपैयाँ मात्र) ।

५. **दरखास्त दिने अन्तिम मिति:** २०८२/०६/०३ गते कार्यालय समय भित्र (दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछि लगत्तै कार्यालय खुलेको पहिलो दिन कार्यालय समयभित्र)

६. **परीक्षा किसिम:** लिखित तथा अन्तर्वार्ता (परीक्षा मिति र स्थान संक्षिप्त प्रारम्भिक सूचीसँगै तोकिने छ ।

७. **तलव:** करार सम्झौतामा उल्लेख भएबोजिम ।

**नोट:**- थप जानकारीका लागि ९८१८१६२०६० वा ९८४१४१८०२९ मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत